बांके जिल्लाको नेपालगञ्जमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न



काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ७० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ फागुन १५ गते बांके जिल्लाको नेपालगञ्जमा **"ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम"** सम्पन्न गरेको संस्थाका उदयपुर शाखा कार्यालयका प्रमुख श्री राम उग्रह चौधरीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षक श्री नवराज जोशी रहेका थिए । कार्यक्रमको उदघाटन नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री कैफुल वरा जोलाहले गर्नुको साथै आफ्नो मनतब्य दिनुभएको थियो ।

एक परिवारमा एक जनाउद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवादिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कोहलपुर क्षेत्रिय कार्यालय अन्तरगतका कार्यक्रम अधिकृत श्री नवराज जोशीले बताएका थिए । तालिममा शाखाको लेखापाल श्री इन्दिरा ज्ञवालीले सहभागीहरुलाई स्वागत गरेकी थिइन् । साथै तालिमको उद्देश्य तथा सेवासुबिधा बारेमा संस्थाको उदयपुर शाखा कार्यालयका प्रमुख श्री राम उग्रह चौधरीले प्रकाश पारेका थिए ।

यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा व्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम व्यवस्थापन, बिमा, विप्रेषण सेवा, व्यवसायिक योजना, व्यवसायिक योजना बनाउँदा ध्यान दिनु पर्ने कुराहरु, बचतको महत्व तथा बैंकको पब्लिक डिपोजिटको बारेमा, संस्थाले प्रदान गरी रहेका सेवाहरु, कर्जा, बचत, बिमा, बिप्रेषण बारेमा जानकारी हासिल गरेको आदिबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको उदयपुर शाखाका शाखाप्रमुख राम उग्रह चौधरीले बताएकाथिए ।



यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ। संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।



संस्थाले २०७५ पौष मसान्तसम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । व्यवसाय गरी रहेका संस्थाकाग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदानगर्न यस तालिममा सहभागी गराईएको संस्थाका उदयपुर शाखाका शाखाप्रमुखश्री राम उग्रह चाधरीले जानकारी गराएका थिए ।